# महाबु गाउँपालिका,दैलेखको
# मातृ-शिशु (सुत्केरी) भेटघाट कार्यक्रम संचालन कार्यविधिः२०७८

**प्रस्तावनाः**

यस महाबु गाउँपालिका, दैलेखको क्षेत्रभित्रका गर्भवती/सुत्केरी आमा तथा नवजात शिशुको गुणस्तरीय स्वास्थ्यको लागि मातृ तथा शिशु स्वास्थ्य र पोषणको स्थितिमा पूर्णरुपमा सुधार ल्याउन उपाध्यक्षसँग महिला कार्यक्रम मार्फत गर्भवती/सुत्केरी भेटघाट/कोशेली कार्यक्रमलाई व्यवस्थित गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(झ) बमोजिम कार्यपालिकाबाट मातृ (सुत्केरी)शिशु भेटघाट कोशेली कार्यक्रम संचालन कार्यविधि-२०७८ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधि नाम गर्भवति/सुत्केरी मातृशिशु भेटघाट/कोशेली कार्यक्रम संचालन कार्यविधि-२०७८ रहेको छ ।

२) यो कार्यविधि २०७८ श्रावण देखि प्रारम्भ भएको मानिनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"गाउँपालिका"** महाबु गाउँपालिका, दैलेखलाई सम्झनु पर्नेछ ।

ख) **"अध्यक्ष"** भन्नाले गाऊँपालिकाको अध्यक्षलाई सम्झनु पर्ने छ ।

ग) **"कार्यापालिका"** भन्नाले महाबु गाऊँ कार्यपालिकालाई सझ्नु पर्दछ ।

घ) **"उपाध्यक्ष"** भन्नाले महाबु गाऊँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले महाबु गाऊँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) **"वडा"** भन्नाले गाऊँपालिकाका ६ वटा वडाहरुलाई सम्झनु पर्दछ ।

छ) **"वडाअध्यक्ष"** भन्नाले महाबु गाऊँपालिकाका वडाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ज) **"मातृ शिशु साहास"** भन्नाले गाउँपालिका भित्र रहेका स्यहार संरक्षण र सहयोग व्यवस्थापन लाई सम्झनु पर्दछ ।

झ)"लक्षीत वर्ग " भन्नाले गरीव, विपन्न, दलित, असहाय, बेसाहारा, न्यून आय भएका अशक्त अपाङ्गगता गर्भवती तथा सुत्केरी महिलाई सम्झनु पर्छ ।

ञ) "लक्षित वर्ग व्यक्ति" भन्नालेमहाबु गाउँपालिकामा स्थायी वा अस्थायी बसोबास गरेका गर्भवती महिला बसोसास गरेक गर्भवती महिला तथा निजबाट जन्मेका सुत्केरी आमा तथा शिशु दुवैलाई सम्झनुपर्छ

ट) "स्वास्थ्य संस्था" भन्नाले अस्पताल, प्राथिमक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायीक स्वास्थ्य इकाईलाई सम्झनु पर्छ ।

ठ) "खर्चको मापदण्ड तथा नर्म्स" भन्नाले दफा ३ अन्तर्गत अनुसूची-१ मा भएको खर्च नर्म्स लाई जनाउछ ।

ड) "कार्यक्रम योजना" भनुनाले मातृ-शिशु (सुत्करी) भभेटघाट कार्कयरमलाई सम्झनु पर्दछ ।

ढ) " कार्यक्रम अवधि" भन्नाले कार्यक्रम लागू हुने आर्थिक बवर्षलाई सम्जनु पर्द ।

ण) "जिम्मेवार स्स्थ्यकर्मी" भन्नाले कार्यक्रम कार्यन्वयन गर्नको लागि तोकिएको कर्मचारी तथा स्वास्थ्यकर्मीलाईसम्झनु पर्दछ ।

त) "कोसेली " भन्नाले सुत्केरी हुनु भन्दा अगाडी वा भईसकेपछि सुत्केरी आमा तथा शिशुको पोषण स्थितिमा सुधार ल्याउन वा बढाउन उपहारको रुपमा खाद्य सामग्री जिन्सी नगद समेतलाई सम्झनु पर्दछ

३. मातृ-शिशु (सुत्केरी) भेटघाट।कोशेली कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

क) महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहित गर्नु ।

ख) महिलाहरुलाई स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गराई आमा तथा शिशुको स्वास्थ्य स्थितिको बारेमा जनकारी प्राप्त गर्नु ।

ग) सुरक्षित मातृत्वको सुनिश्चितता प्रदान गर्नु ।

घ) पोषण युक्त खानाको  जनचेतना अभिवृद्धि गर्नु ।

ङ) मातृ मुत्युदर तथा बाल मृत्यसदर घटाउनु ।

च) न्यानो कपडा तथा पोषण युक्त खानाको व्यवस्थापन गर्ने गराउने ।

छ) स्वच्छ तथा सस्वस्थखर सरसफाईको वारेमा जनचेतना गराउर्न ।

## परिच्छेद- ३

## कोसेली सम्बन्धी व्यवस्था

४. कोसेली वितरण सम्बन्धी प्रकृयाः

क) स्वास्थ्य शाखा मार्फत तथ्यंक संकलन गरी दफा (८) बमोजिमको समितिमा पेश गर्ने ।

ख) समितिको बैठकबाट लाभग्राही छनौट गर्ने ।

ग) उपाध्यक्षको तेतृत्वमा जनप्रतितिधि, स्वास्थ्य शाखा समेतको सहभागितामा लाभग्रहीको घर मा पुगी कोसेली हस्तान्तरण गर्ने ।

५. कोसेली सम्बन्धी व्यवस्थाः

१. उपाध्यक्षसँग महिला कार्यक्रम अन्तर्गत विवरण गरिने कोसेली जिन्सी वा नगद उपलब्ध गराइनेछ ।

२. कोसेली सुत्केरी आमा तथा नवजात शिशुको पोषण स्थिति सुधारको लागि र. ३५००। (तिन हजार पाँच सय) मा नबढ्ने गरी उपलब्ध गराइने छ ।

३. अन्य आवश्कीय व्यवस्थापन खर्च उपलब्ध गराउन सकिने छ ।

४. कोसेलीमा पोषण स्वास्थ्य सुधार हुने खालका खाद्य सामाग्री जस्तै चामल, मासु, अण्डा, घिउ जस्ता बस्तु प्याकेजको रुपमा वितरण गरिने छ । यसरी वितरण हुदाँ पहिलो पटकको लागि एकआर्थिक वर्ष भित्रका लाभग्रहीको लागि आ.व. को अन्तिममा एक कार्यक्र मार्फत उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।

६. कोसेली प्राप्त गर्दा पेश गर्नपर्ने कागजाजतः

क) सुत्केरी महिलाको निवेदन

ख) स्वास्थ्य संस्थाले प्रदान गरेको नवजात शिशुको जन्म प्रमाण पत्र,

ग) वडा कार्यालयको सिफारिस

घ) नियमित गर्भजाँच गरेको स्वास्थ्य संस्थाको प्रमाण. अभलेख व्यस्थापनः

ङ) गरिव/हिंसापिडित/विपन्न महिलालाई प्राथमिकता दिइने छ ।

७. अभिलेख व्यवस्थापनः

क) स्वास्थ्य शाखाले सुत्केरी तथा नजवात शिशुको विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

ख) कार्यक्रमको प्रगति कार्यपालिका बैठकमा नियमति रुपमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## विविध

८. लाभग्राही छनौट समिति सम्बन्धी व्यवस्थाः १) मातृ शिशु (सुत्केरी) भेटघाट कार्यक्रम संचालनको लागि देहाय बमोजिमको लाभग्राही छनौट समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ग) कार्यपालिका सदस्य मध्येबाट एकजना (महिला) १ जना | सदस्य |
| घ) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**९. बाधा अड्काउ फुकाउनेः** १) यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ आईपरेमा कार्यापालिकाबाट बाधा अड्काउ फुकाउन सकिने छ ।

२) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएका गाउँ कार्यपालिकाकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सक्नेछ ।